# गेरुवा गाउँपालिका
# २०७४

## बाह्रौं कार्यपालिका बोर्ड बैठक
**७ पौष, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल पौष ७ गतेका दिन गेरुवा गाउँ पालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्य पालिकाको बाह्रौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी -वडासचिव, वडानं.४
श्री तुल्सीराम श्रेष्ठ -लेखापाल
श्री कुन्नारायण चौधरी -वडासचिव, वडानं.५ र ६
श्री चित्र प्रसाद उपाध्याय-सव-ईन्जिनियर
श्री प्रेमबहादुर जि.सी. -वडासचिव, वडानं.२ र ३
श्री भूमिराज घिमिरे -अ.स.ई.
श्री भागीराम चौधरी -वडासचिव, वडानं.१

**बिषयगत कार्यालय/शाखाहरुबाट**

| | | |
|---|---|---|
| १ | श्री दिल बहादुर जि.सी. | शिक्षा |
| २ | श्री नारायण प्रसाद भण्डारी | स्वास्थ्य |
| ३ | श्री विश्वरुप जोशी | कृषि |
| ४ | श्री पंकज रायमाझी | आयुर्वेद |

**प्रस्तावहरु**

१ **ऐन/नियम/नियमावी/कार्यविधि निर्माण, परिमार्जन र अनुमोदन गर्ने सम्बन्धमा**

२ **गेरुवा गाउँपालिका गुरु योजना (Master Plan) र गेरुवा गाउँपालिका गाउँ अभिलेख (Village Profile) निर्माणका लागि स्वीकृती दिने सम्बन्धमा**

३ **स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गराउन प्रस्ताव लिई स्वीकृति दिने र सम्झौता गर्ने सम्बन्धमा**

४ **थारु हेल्पडेस्क कार्यक्रम कार्यान्वयन कार्यविधि तथा प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा**

५ **घरभाडामा लिने सम्बन्धमा**

६ **रिक्त सिभिल ईन्जिनियर पद र रिक्त खरिदार पदमा ज्यालादारीमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धमा**

७ **बिबिध**

**१ ऐन/नियम/नियमावली/कार्यविधि निर्माण, परिमार्जन संशोधन गरी अनुमोदन गराउने सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भै कार्यान्वयनमा रहेको अवस्थामा गेरुवा गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारीत भई कार्यान्वयनमा रहेका **आर्थिक ऐन, २०७४, विनियोजन ऐन, २०७४ र २०७४/०७५ को नीति तथा कार्यक्रम** समेतको हकमा स्थानीय तह सेवा सञ्चालन ऐन, २०७४ विपरीत नहुने गरी सावीक वमोजिम कार्यान्वयन गर्ने/गराउने र गाउँ कार्यपालिकाबाट पारीत भएका **आचार संहिता, नियमावलीहरु र कार्यविधिहरु** का सम्बन्धमा उल्लेखित स्थानीय तह सेवा सञ्चालन ऐन, २०७४ अनुकूल संशोधन परिच्छेद, दफा र अनुसूचीहरु थप/घट/संशोधन/मिलान/निर्माण गरी कार्यान्वयन गर्नु पर्ने हुँदा सूचिकृत परामर्शदाता संस्थाहरु मध्येबाट सो सम्बन्धि कोटेशन लिई सक्षम संस्था संग उपयुक्त खर्चमा सम्झौता/करारनामा गरी संशोधन/समावेश गराई गेरुवा गाउँ कार्यपालिकाका अध्यक्षबाट प्रमाणिकरण गराउने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी सहित स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.२ गेरुवा गाउँपालिकाको गुरु योजना (Master Plan) र गाउँ अभिलेख (Village Profile) निर्माणका लागि स्वीकृती दिने सम्बन्धमा**

**प्रस्ताव नं.२** माथी छलफल गर्दा **गेरुवा गाउँपालिकाको गुरु योजना (Master Plan) र गाउँ अभिलेख ( Village Profile) निर्माणका लागि** सूचिकृत परामर्शदाता संस्थाहरु मध्येबाट सो सम्बन्धि कोटेशन लिई स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिमा रहि प्रस्ताव लिई स्वीकृत गरी उपयुक्त खर्चमा सम्झौता/करारनामा गरी गेरुवा गाउँमालिकाको गुरु योजना, २०७४ र गेरुवा गाउँ अभिलेख (**Village Profile** ),२०७४ निर्माणका लागि संशोधन/समावेश गराई गेरुवा गाउँ कार्यपालिकाका अध्यक्षबाट प्रमाणिकरण गराउने कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी सहित स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.३ स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गराउन प्रस्ताव लिई स्वीकृति दिने तथा सम्झौता गर्ने सम्बन्धमा**

**प्रस्ताव नं.२** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाबाट विनियोजित बजेट र स्वीकृतको परिधिमा रहि कार्यक्रमहरु कार्यान्वयन गराउनका लागि प्रस्ताव/मागफाराम लिई स्वीकृति दिने र कार्य सञ्चालक संग करारनामा गर्ने साथै सम्बन्धित वडा कार्यपालिका कार्यालय संग देहाय वमोजिम कार्य सम्पादन सम्झौता समेत गरी समयमै कार्य सम्पादन गर्ने गराउने निर्णय गरियो ।

## कार्य सम्पादन सम्झौता फाराम

| क्र.स. | क्रियाकलापहरु | इकाई | लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

.......................... ....................

वडाध्यक्ष अध्यक्ष

............................... ....................

वडा सचिव प्रमुख प्रशासकीय अधिकृत

.....नं.वडा कार्यालय गेरुवा गाउँ कार्यपालिका कार्यालय

**निर्णय नं. ४ थारु हेल्पडेस्क कार्यक्रम कार्यान्वयन कार्यविधि तथा प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा**

**प्रस्तावनं.४** माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिका र वडा कार्यालयहरुबाट सुशासन प्रदान गर्ने उदेश्यले स्वीकृत गरिएको थारु हेल्पडेस्क कार्यक्रम, २०७४ लाई सम्बन्धित उदेश्य लिएका गैर सरकारी संस्था मार्फत सुशासन सञ्चालनमा सहयोग पुग्ने गरी सम्बन्धित ऐन/नियम/कार्यविधिको परिधिमा रहि कार्य सम्पादन गर्दा/गराउँदा थप पादरर्शि/प्रभावकारी हुने भएकोले सूचिकृत मध्येका उपयुक्त संस्था संग सम्झौता गरी कार्यान्वयन गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रस्ताव पेश गरी अध्यक्षबाट स्वीकृत गराई कार्यान्वयन गराउन निर्देशन गर्ने निर्णय गरियो ।

**५ घरभाडामा लिने सम्बन्धमा**

**निर्णय नं. ५** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको कार्यालय अन्तर्गत सञ्चालन हुने ६ वटा बिषयगत शाखाहरु र सूचना प्रविधि शाखा सञ्चालनका लागि कार्यालय भवन नभएकोले हाललाई गाउँपालिकाको प्राविधिक शाखा सञ्चालनार्थ २ कोठे भवन भाडामा लिन सूचना गरिए वमोजिम पर्न आएका निवेदन माथी सार्वजनिक खरिद ईकाईले विश्लेषण गरी पेश गरेका सि.नं.१, सुमित्रादेवी शर्मा,६ कोठाको १५००।-, सि.नं.२ नारायण दत्त पराजुलीको ६ कोठाको प्रतिकोठा रु.१८००।-का दरले र सि.नं.३, जेनिथ विष्ट ६ कोठाको प्रतिकोठा रु.१५००।-का दरले जम्मा रु.१५०००।-को सम्मका निवेदनहरु संलग्न फायल अध्ययन गर्दा ति निवेदनहरु मध्ये सि.नं.३ का जेनिथ बिष्ट, गेरुवा गा.वा.वडानं.५ ले (१२२३.६५ बर्गफिट क्षेत्रफलमा रहेको) ६ कोठे भवनको प्रति कोठा रु.२५००।-का दरले माशिक भाडा रु.१५०००।-का दरले भाडा माग गरेको देखिएको र सवै भन्दा सस्तो, जिल्ला दररेट भित्र रहेको र कार्यालयका लागि उपयुक्त देखिएकोले सो घरका घर धनि र कार्यालय विच सोही दररेटमा २०७४ साल पौष १ गते देखी लागु हुने गरी सम्झौता गरी भाडामा लिने व्यवस्था गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**६ रिक्त सिभिल ईन्जिनियर पद र रिक्त खरिदार पदमा ज्यालादारीमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धमा**

**प्रस्तावनं. ६** माथी छलफल गर्दा गेरुवा गाउँपालिका क्षेत्रमा स्वीकृत कार्यक्रम र विनियोजीत बजेट वमोजिम कार्यक्रम कार्यान्वयन गराउनका लागि कर्मचारी अभाव रहेकोले पदपूर्ति एवं कर्मचारी व्यवस्था गरि दिन संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालय र जिल्ला पदपूर्ति समितिमा पटक पटक अनुरोध गरिएकोमा हाल सम्म सिभिल ईन्जिनियर, वडा सचिव, खरिदार पद कुनै पनि तरिकाबाट पदपूर्ति नभएकोले कार्य सम्पादनमा निकै समस्या परेकोले अविलम्ब आबश्यक व्यवस्था हुन पुनः अनुरोध गर्ने र तत्काल कामचलाउका लागि स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिमा रहि रिक्त रहेको सिभिल ईन्जिनियर पद र खरिदार पदमा अर्को व्यवस्था नभए सम्मका लागि सम्बन्धित पदको शुरु तलवस्केल बराबर पारिश्रमिक भूक्तानी हुने गरी दैनिक ज्यालादारीमा कामकाज लगाउने गरी पदपूर्ति व्यवस्था मिलाई कार्य सम्पादन गर्ने निर्णय गरियो ।

**विविध**

**निर्णय नं. ७** माथी छलफल गर्दा विविध बिषयमा छलफल गर्दा सवै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने तयारीका साथ आगामी तेह्रौं बोर्ड बैठक मिति २०७४ साल माघ ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।